सुनसरी जिल्ला अदालत, इनरुवाबाट जारी भएको दसीका जिन्सी सामानहरू फिर्ता लीन आउने बारेको अत्यन्त जरुरी सूचना ।

सूचना प्रकाशन मितिः- २०७४।११।२७

उपर्युक्त सम्बन्धमा विभिन्न मितिमा विभिन्न मुद्दाहरूमा दसी स्वरूप दाखिल हुन आई यस अदालतको जिन्सीमा मिति २०७४ माघ मसान्तसम्ममा आम्दानी बाँधिएका सवारी साधन लगायतका अन्य जिन्सीका सामानहरू मध्ये फैसला वा कानूनले कसैले फिर्ता पाउने भई फिर्ता लीन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले १ (एक) महिनाभित्र आवश्यक सबुद प्रमाणसाथ फिर्ता बुझी लीन यस अदालतमा उपस्थित हुन आउनु भनी मुलुकी ऐन दण्ड सजायको २४ नं. तथा जिल्ला अदालत नियमावली, २०५२ को नियम ९० क को उपनियम (१)(२) को प्रयोजनका लागि यस अदालतको मिति २०७४।११।१५ गतेको निर्णय अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचनाको अवधिभित्र प्रमाणसहित फिर्ता बुझी लीन नआए कानुनबमोजिम लिलाम बिक्री गरी रकम धरौटीमा आम्दानी बाँधिने र कानुनका म्याद एक वर्षभित्र धरौटी बुझी लीन नआए सो धरौटी रकम कानुनबमोजिम राजस्वमा दाखिला गरिनेछ । पछि कसैको उजुरबाजुर लाग्ने छैन ।

२०७४।११।२५